## नौकुण्ड गाउँपालिका, रसुवा

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : १० मिति : २०७८/०३/०६

## भाग - २

# नौकुण्ड गाउँपालिकाको उद्यम/व्यवसाय (दर्ता तथा सञ्चालन) सम्बन्धी कार्यविधि संशोधित पहिलो पटक, २०७८

### नौकुण्ड गाउँपालिका

स्थानीय सरकार संचालन ऐन को दफा १०२ को उपदफा ३ बमोजिम गाउँ कार्यपालिकाले बनाएको तपसिल बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

सम्बत् २०७८ सालको कार्यबिधि संख्या १०

# नौकुण्ड गाउँपालिकाको उद्यम/व्यवसाय (दर्ता तथा सञ्चालन) सम्बन्धी कार्यविधि संशोधित पहिलो पटक, २०७८

**प्रस्तावना**: नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान अनुसार नौकुण्ड गाउँपालिकालाई प्राप्त अधिकार क्षेत्रअन्तर्गत गाउँपालिकाभित्र रहेका र सम्भाव्य सबैखाले स्रोत साधन परिचालन मार्फत दरिलो आर्थिक आधार निर्माण गर्न गाउँपालिकाको कार्यक्षेत्रभित्र स्थापना तथा सञ्चालन हुने उद्यम व्यवसायलाई सहजीकरण र प्रवर्द्धन गर्दै रोजगारी सिर्जना एवं उद्यमशीलता विकासका माध्यमबाट गाउँवासीको आर्थिकस्तर वृद्धि गरी दिगो स्थानीय विकास गर्न, गाउँपालिकाभित्र सबै किसिमका उद्यम तथा व्यवसाय स्थापना, सञ्चालन तथा नियमन गर्न स्पष्ट र पारदर्शी कार्यविधि आवश्यक परेकाले गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम नौकुण्ड गाउँपालिकाको व्यावसाय दर्ता कार्यविधि २०७५ लाई संशोधन गरि मिति २०७८/३/६ को बैठकबाट "नौकुण्ड गाउँपालिकाको उद्यम व्यवसाय (दर्ता तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०७८" स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद– १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस कार्यविधिको नाम "नौकुण्ड गाउँपालिकाको उद्यम व्यवसाय (दर्ता तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि नौकुण्ड गाउँपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "उपाध्यक्ष" भन्नाले नौकुण्ड गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(ख) "उद्यम व्यवसाय" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिमका व्यवसायलाई सम्झनुपर्दछ ।

(ग) "कर तथा राजस्व" भन्नाले वर्तमान संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका ऐन तथा कानुनबमोजिमको अधिकारक्षेत्रभित्र रही स्थानीय सरकारको हैसियतमा गाउँपालिकाले लगाउन तथा उठाउन पाउने व्यवसाय कर व्यवस्थापनसहितका सबै प्रकारका स्थानीय कर, सेवा शुल्क तथा दस्तुरसमेतलाई सम्झनुपर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले नौकुण्ड गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्दछ ।

(ङ) "कार्यपालिका सदस्य" भन्नाले गाउँपालिकाको गाउँ कार्यपालिकाका सदस्यलाई सम्झनुपर्दछ ।

(च) "कार्यविधि" भन्नाले नौकुण्ड गाउँपालिकाको उद्यम व्यवसाय (स्थापना तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०७८ लाई सम्झनुपर्दछ ।

(छ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ। यस शब्दले गाउँको वडा कार्यालयसमेतलाई जनाउनेछ ।

(ज) "कोष" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ बमोजिम. नौकुण्ड गाउँपालिकाको सञ्चित कोषलाई सम्झनुपर्दछ ।

(झ) "गाउँसभा" भन्नाले नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनअनुसार गठित नौकुण्ड गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्दछ।

(ञ) "निजी क्षेत्र" भन्नाले प्रचलित ऐन, कानुनबमोजिम स्वीकृति प्राप्त निजी क्षेत्रका कम्पनी, फर्म, संस्था, व्यावसायिक व्यक्ति वा संगठित समूहलाई सम्झनुपर्दछ । यसले जिल्ला तथा स्थानीय उद्योग वाणिज्य संघलाई समेत बुझाउँदछ ।

(ट) "अध्यक्ष" भन्नाले नौकुण्ड गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(ड) "वडा अध्यक्ष" भन्नाले नौकुण्ड गाउँपालिकाका निर्वाचित वडा अध्यक्षहरूलाई सम्झनुपर्दछ।

(ढ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्दछ।

## परिच्छेद– २

## उद्यम व्यवसायको किसिम, दर्ता तथा नवीकरणसम्बन्धी व्यवस्था

३. **उद्यम व्यवसायको किसिम** : नौकुण्ड गाउँपालिकाभित्र सञ्चालन हुने कुनै पनि उद्यम व्यवसायको दायरालाई निम्नबमोजिम तीन किसिममा विभाजन गरिएको छ :

(क) उद्योग व्यवसाय : यसअन्तर्गत कच्चा पदार्थ प्रयोग गरी उत्पादन/प्रशोधन गर्ने कृषि, वन तथा गैरकृषिजन्य वस्तुहरू, जल, वायु, सौर्य शक्ति, कोइला, तेल, इन्धन, ग्यास आदि प्रयोग गरी उत्पादन तथा वितरण गरिने ऊर्जा, खनिज उत्पादन तथा प्रशोधन, निर्माण सम्बद्ध पूर्वाधार उद्योग, पर्यटन सम्बद्ध होटल, रेस्टुरेन्ट, ट्रेकिङ, आरोहण आदि, सूचना तथा सञ्चारसम्बन्धी व्यवसाय र विभिन्न सेवाहरू (यान्त्रिक कार्यशाला (वर्कसप), परामर्श सेवा, निर्माण व्यवसाय, सार्वजनिक यातायात, प्रशिक्षण, निजी शैक्षिक संस्था, निजी स्वास्थ्य सेवा प्रदायक, बैंक तथा वित्तीय संस्थालगायतका सेवा व्यवसाय आदि) वा यस्तै उद्यम व्यवसायहरू रहनेछन्।

(ख) वाणिज्य/व्यापार व्यवसाय : यसअन्तर्गत खुद्रा सामान (किराना) पसल, थोक व्यापार पसल, हाट बजार, हार्डवेयर सामान बिक्री पसल,

किताब तथा स्टेसनरी पसल, औषधि पसल, बिजुली सामान पसल, कपडा पसल, तयारी पोसाक पसल, जुत्ता पसल, फलफूल पसल, मासु पसल, तरकारी पसल, नेटवर्किङ र आयात तथा निर्यात व्यापार आदि वाणिज्य/व्यापार व्यवसाय रहनेछन् ।

(ग) सहकारी व्यवसाय : यसअन्तर्गत सहकारी संस्थाबाट स्थापना तथा सञ्चालन भएका विभिन्न प्रकृतिका उद्योग, व्यापार तथा सेवासम्बन्धी कारोबारहरू रहनेछन् । जस्लाई यसै खण्डका क र ख मा उल्लेख गरिएको उद्योग वा वाणिज्य/व्यापार व्यवसाय अर्न्तगत दर्ता तथा संचालन गरिएको छ।

४. **उद्यम व्यवसायलाई दर्ता तथा नवीकरण गर्नुपर्ने** :

(१) उद्यम व्यवसाय गर्न चाहने इच्छुक व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा तोकिएका कागजातहरूसमेत संलग्न गरी गाउँपालिका वा गाउँपालिकाद्वारा तोकिएको अवस्थामा सम्बद्ध वडा कार्यालयमा आर्थिक ऐनमा तोकिएबमोजिमको दस्तुरसहित निवेदन दर्ता गरी दर्ताको निस्सा लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम उद्यम व्यवसाय दर्ता गर्न गाउँपालिकामा निवेदन पेस गर्दा उद्यम व्यवसायको किसिम हेरी साना, मझौला र ठूला उद्यम व्यवसायको हकमा अनुसूची- १(क), लघु र घरेलु उद्यम व्यवसायको हकमा अनुसूची- १(ख) र वाणिज्य/व्यापार व्यवसायको हकमा अनुसूची- १ (ग) को ढाँचामा परियोजना विवरणसमेत पेस गर्नुपर्नेछ।

(३) संघीय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(५) को (घ) बमोजिम लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमनसम्बन्धी अधिकार स्थानीय तहलाई भएकाले गाउँपालिकाको इलाकाभित्र कार्यक्षेत्र भएका उक्त उद्योगहरूको दर्तालगायतका कार्यहरू गाउँपालिकाबाट नै गरिनेछ।

(४) संघीय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ञ) को (६) बमोजिम स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, नवीकरण, खारेजी र नियमन सम्बन्धी अधिकार स्थानीय तहलाई भएकाले गाउँपालिकाको इलाका भित्र कार्यक्षेत्र भएका व्यापार व्यवसायको दर्ता लगायतका कार्यहरू गाउँपालिकाबाट नै गरिनेछ।

(५) सहकारी संस्थाको स्वामित्वमा उद्योग व्यवसाय सञ्चालन गर्न उद्योग व्यवसाय सम्बद्ध कानूनहरूको पालना हुने गरी उद्योग व्यवसायको हैसियत प्राप्त गर्न सहकारी उद्योग व्यवसायका रूपमा गाउँपालिकाद्वारा अभिलेखीकरण लगायतका कार्यहरू आवश्यक पर्नेछ।

**द्रष्टव्य**: संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ (५) मा उल्लेख भएबमोजिम प्रचलित कानुनबमोजिम दर्ता भएका सहकारी संस्थाको स्वामित्व रहने गरी उद्योग दर्ता गर्न सक्ने भनी उल्लेख गरिएको छ।

(६) गाउँपालिकामा उद्यम व्यवसाय दर्ताका लागि निवेदन प्राप्त भएपछि आवश्यकताअनुसारका कागजातहरू संलग्न भए/नभएको जाँची रीतपूर्वक भएको भए अनुसूची- २ को ढाँचामा उद्यम व्यवसाय दर्ता गरी प्रमाणपत्र दिनुपर्नेछ । यसमा स्पष्टताका लागि स्थानीय तहले उद्योग तथा वाणिज्य/व्यापार व्यवसायको दर्ता प्रमाणपत्र जारी गर्दा उद्योग व्यवसायको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(५) को (घ) बमोजिम र व्यापार व्यवसायको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ञ) को ६ बमोजिम भनी किटानीसाथ उल्लेख गरिनेछ।

**द्रष्टव्य**:

(क) संघीय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२० बमोजिम प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुरामा यसै ऐनबमोजिम हुने भनी

किटानसाथ उल्लेख भएबाट संघीय तथा प्रदेश औद्योगिक व्यवसाय ऐन तथा अन्य ऐनहरूमा जे जस्तो उल्लेख भए तापनि गाउँपालिकाको इलाकाभित्र सीमित रहने गरी उद्योग व्यापार व्यवसायको दर्ता, नवीकरणलगायतका कार्यहरू गाउँपालिकाले नै गर्न सक्नेछ।

(ख) उद्यम व्यवसाय दर्ता, नवीकरण तथा नियमन सम्बन्धमा संघीय तथा प्रदेश कानुनको व्यवस्था सम्बन्धमा गाउँपालिकाले स्थानीय तथा रसुवा उद्योग वाणिज्य संघसँगको सहजीकरणमा संघीय तथा प्रदेश निकायहरूसँग आवश्यक समन्वय गर्न सक्नेछ।

(ग) उद्यम, वाणिज्य/व्यापार तथा सरकारी व्यवसायको दर्ता गर्नका लागि गाउँपालिकको काममा सहयोग गर्ने विकास साझेदार संस्थाद्वारा संचालित विकास कार्यक्रम तथा त्यस्तो कार्यक्रम संचालन गर्ने साझेदार संस्थाको सहयोग लिन सकिने छ।

(७) गाउँपालिकामा विषयगत आधारमा दर्ता भएका उद्यम वाणिज्य/व्यवसाय तथा सहकारी व्यवसायले वार्षिक रूपमा नयाँ आर्थिक वर्ष सुरु भएको तीन महिनाभित्र नवीकरणका लागि अनुसूची- ३ को ढाँचामा तोकिएबमोजिम दस्तुर बुझाएको बैंक भौचर वा गाउँपालिकाद्वारा राजस्व संकलनका लागि जारी गरिएको नगदी रसिदको प्रति सहित निवेदन पेस गर्नुपर्नेछ।

(८) उपदफा (६) बमोजिम दर्ता तथा नवीकरण भएका उद्यम व्यवसायहरूको विषयगत आधारमा अभिलेख व्यवस्थापन गरी राखिनेछ।

(९) उद्योग व्यवसाय नवीकरणका लागि अनुसूची- ३ अनुसारका निवेदन पेस गर्नुपर्नेछ।

(१०) गाउँपालिकाले रीतपूर्वकको निवेदनसहित आवश्यक कागजात प्राप्त गरेको सात दिनभित्र नवीकरण गरी अनुसूची- २ को पछाडि पृष्ठमा उल्लिखित ढाँचामा प्रविष्टि गर्नुपर्नेछ।

**५. उद्यम व्यवसाय दर्ता तथा नवीकरण गर्न शुल्क वा दस्तुर बुझाउनुपर्ने :**

(१) गाउँपालिकाभित्र उद्यम व्यवसायको दर्ता गर्न तथा नवीकरण गर्न प्रदेश कानुनमा तोकिएको पूँजी अनुसारको रकम वुझाउनु पर्ने छ। गाउँपालिकाको क्षेत्रभित्र संचालन गरिएका उद्योग वाणिज्य/व्यापार व्यवसाय तथा सहकारी व्यवसायले गाउँपालिकाको आर्थिक ऐनमा तोकिएबमोजिम व्यवसाय संचालन कर वार्षिक रुपमा वुझाउनु पर्ने छ।

**६. उद्यम व्यवसायको नामसारी, नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरणः**

(१) उद्यम व्यवसायको नामसारी, नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरणका लागि अनुसूची- ४ को ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) गाउँपालिकाले रीतपूर्वकको निवेदनसहित आवश्यक कागजात प्राप्त गरेको सात दिनभित्र आवश्यक निरीक्षण तथा जाँचपडताल गरी मनासिब देखेमा गाउँपालिकाले उद्यम व्यवसायको नामसारी, नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरणका लागि अनुसूची- ५ बमोजिमको ढाँचामा स्वीकृति प्रदान गर्नेछ। तर गाउँपालिकाले मागअनुसार उद्यम व्यवसायको नामसारी, नाम, उद्देश्य, पुँजी परिवर्तन तथा स्थानान्तरण मनासिव नदेखेमा कारण खुलाई उद्यमीलाई सात दिन भित्र जानकारी दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम उद्यम व्यवसाय नामसारी, नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरणको अनुमति प्रदान गरेपछि गाउँपालिकाले अनुसूची- ६ बमोजिम अभिलेख राखी अद्यावधिक गर्नुपर्नेछ।

**७. उद्यम प्रवर्द्धन तथा सहजीकरण समितिको व्यवस्था :**

(१) गाउँपालिकामा उद्योग, व्यापार, सहकारी व्यवसाय लगायतका उद्यमहरू प्रवर्द्धन तथा विकासका लागि सरोकारवाला समेतको सहभागितामा देहाय बमोजिमको उद्यम प्रवर्द्धन तथा सहजीकरण समिति गठन गरिनेछः

(क) गाउँपालिकाको अध्यक्ष - संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष - सहसंयोजक

(ग) गाउँपालिको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) रसुवा उद्योग बाणिज्य संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(ङ) जिल्लास्तरीय लघु उद्यम संघ, घरेलु तथा साना उद्योग संघलगायत विभिन्न व्यवसायी संघहरू मध्ये गाउँपालिकाले तोकेको कम्तीमा एक जना महिला उद्यमी समेत २ जना - सदस्य

(च) गाउँपालिका भित्र रहेका विभिन्न संघ संस्थाका प्रतिनिधि मध्ये गाउँपालिकाले तोकेको प्रतिनिधि - सदस्य

(छ) गाउँपालिकास्थित वाणिज्य तथा विकास बैंकहरू मध्ये गाउँपालिकाले तोकेको बैंक शाखा प्रमुख वा प्रतिनिधि - सदस्य

(ज) गाउँपालिकाको उद्यम विकास हेर्ने अधिकृत - सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बधित विषय विज्ञहरूलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३) समितिको बैठक कम्तीमा चौमासिक रुपमा तथा आवश्यकता अनुसार अन्य समयमा बस्नेछ।

(४) समितिको कार्यविधि समिति स्वयंले व्यवस्थित गर्नेछ।

(५) समितिको बैठकवाट भएका निर्णयहरू समितिका सबै सदस्यलाई लिखित जानकारी गराइनेछ।

८. **उद्यम प्रवर्द्धन तथा सहजीकरण समितिको काम, कर्तव्य र जिम्मेवारी :** **समितिको प्रमुखको काम, कर्तव्य र जिम्मेवारी देहायबमोजिम हुनेछ :**

(क) गाउँपालिकाभित्र उद्यम व्यवसाय र उद्यमशीलताको प्रवर्द्धन तथा विकासका लागि अवलम्बन पर्ने नीति तथा प्राथमिकता सम्बन्धमा राय, सुझाव दिने।

(ख) गाउँपालिका भित्रका स्थानीय कच्चा पदार्थहरू उपलब्धताका आधारमा सम्भाव्य उद्यमहरूको पहिचान गर्ने ।

(ग) गाउँपालिकाभित्र सञ्चालनमा रहेका उद्यम व्यवसायमा देखापरेका समस्याहरू पहिचान गरी समाधानका लागि सहजीकरण गर्ने ।

(घ) गाउँपालिकाभित्र दर्ता भई सञ्चालन हुन नसकेका रुग्ण उद्यम तथा वाणिज्य/व्यवसायहरूलाई पुनःस्थापना गर्नमा सहजीकरण गर्ने ।

(ङ) गाउँपालिका भित्र सञ्चालनमा रहेका उद्यम व्यवसायको उत्पादकत्व एवं मूल्य शृंखला प्रवर्द्धन गर्नका लागि उपयुक्त आवश्यक सीप तथा प्रविधिको विकास एवं हस्तान्तरणमा सहजीकरण गर्ने ।

(च) गाउँपालिका भित्र उद्यम व्यवसाय स्थापना तथा विस्तारका लागि आकर्षित गर्न गाउँपालिकाले उपलब्ध गराउनुपर्ने सुविधा तथा सहुलियतबारे राय, सुझाव दिने ।

(छ) गाउँपालिका भित्र औद्योगिक ग्राम स्थापना तथा विस्तारका लागि आवश्यक पहल गर्ने र स्थापना भएपछि सञ्चालन र व्यवस्थापनमा सहजीकरण गर्ने

(ज) गाउँपालिका भित्र उद्यम व्यवसायको विस्तारलाई वातावरणमैत्रीका साथै उद्यमी तथा उपभोक्तामैत्री बनाउन राय, सुझाव दिने ।

(झ) गाउँपालिका भित्र दर्ता नभई सञ्चालनमा रहेका उद्यम व्यवसायलाई कानुनी दायरामा ल्याउन आवश्यक राय, सुझाव दिने ।

(ञ) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई गाउँपालिकामा सीप तथा पुँजी लगानी गरी उद्यम व्यवसाय सञ्चालनका लागि प्रोत्साहन गर्न आवश्यक सुझाव दिने ।

(ट) गाउँपालिका भित्र उद्यम व्यवसाय प्रवर्द्धनका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रबीच साझेदारीका लागि उपयुक्त उपाय तथा संयन्त्रबारे राय, सुझाव दिने ।

(ठ) गाउँपालिका भित्र उद्यम व्यवसाय विकास तथा विस्तारका लागि आवश्यक लगानी जुटाउन सम्भाव्य उपायहरूबारे राय, सुझाव दिने ।

(ड) उद्यम व्यवसायलाई वित्तीय पहुँच बढाउन बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूसँग सहकार्य एवं सहजीकरण गर्ने ।

(ढ) विकट भौगोगिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका व्यक्ति तथा महिलालाई लक्षित उद्यम व्यवसाय प्रवर्द्धन गर्ने उपाय एवं सहुलियतहरूबारे राय, सुझाव दिने ।

(ण) गाउँपालिका भित्र उद्यम व्यवसाय प्रवर्द्धनका लागि अँगाल्नुपर्ने उपायहरू र विद्यमान द्विविधाहरूको अन्त्य गर्न जिल्ला, प्रदेश र संघका सम्बद्ध निकायहरूलाई राय, सुझाव दिने ।

(त) गाउँपालिका अन्तर्गतका उद्यम व्यवसायहरूको अनुगमन गरी वा गर्न लगाई आवश्यक राय, सुझाव दिने ।

(थ) उद्यम व्यवसायसम्बन्धी वार्षिक प्रगति तयार तथा सार्वजनिक गर्न सहजीकरण गर्ने ।

९. **लघु उद्यमीका लागि विशेष व्यवस्था : गाउँपालिकाले लघु उद्यमीलाई प्रोत्साहित गर्न देहायबमोजिमको विशेष व्यवस्था गर्नेछ :**

(क) गाउँपालिकामा नयाँ लघु उद्यम दर्ता गर्न कुनै शुल्क तथा दस्तुर लिइने छैन ।

(ख) गाउँपालिकामा दर्ता नभई सञ्चालनमा रहेका लघु उद्यम दर्ता गर्न गाउँपालिकाको आर्थिक ऐनमा विशेष प्रावधान राखिनेछ ।

(ग) लघु उद्यमीहरूलाई व्यवसाय सञ्चालनका लागि आवश्यक वित्तीय पहुँचलाई सहज तुल्याउन गाउँपालिकाको उद्यमशीलता प्रवर्द्धन कोषबाट बैंकिङ प्रणालीमार्फत सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन सक्नेछ ।

(घ) लघु उद्यमीहरूलाई संघीय तथा प्रदेश कानुनबाट उपलब्ध विशेष सुविधा तथा सहुलियतको अतिरिक्त गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था गरी थप सुविधा तथा सहुलियत दिन सक्नेछ ।

१०. **विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका व्यक्ति तथा महिला उद्यमीका लागि विशेष व्यवस्था** : गाउँपालिकामा विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका व्यक्ति तथा महिला उद्यमीलाई प्रोत्साहित गर्न देहाय बमोजिमको विशेष व्यवस्था गरिनेछ :

(क) अपांगता भएका व्यक्ति तथा महिला उद्यमीलाई नयाँ उद्यम व्यवसाय दर्ता गर्न लाग्ने शुल्क तथा दस्तुरमा २५ प्रतिशतले हुन आउने रकम छुट दिईने छ। एकल महिला तथा रातोकार्ड प्राप्त अपांगता भएका व्यक्ति लाई नयाँ उद्यम व्यवसाय दर्ता गर्न लाग्ने शुल्क तथा दस्तुरको कुल रकममा ५० प्रतिशत छुट गरिने छ।

(ख) विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका व्यक्ति तथा महिला उद्यमीद्वारा दर्ता नगराई सञ्चालनमा रहेका उद्यम व्यवसायलाई अभिलेखीकरण गर्नमा प्रोत्साहित गर्न दर्ता गर्दा लाग्ने शुल्क तथा दस्तुर छुटसहितका विशेष प्रावधान आर्थिक ऐनमा राख्न सकिनेछ।

(ग) विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका व्यक्ति तथा महिला उद्यमीहरूलाई व्यवसाय सञ्चालनका लागि आवश्यक वित्तीय पहुँचलाई सहज तुल्याउने गरी बैंकिङ प्रणालीमार्फत सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन सहजीकरण गर्नेछ।

(घ) विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका व्यक्ति तथा महिला उद्यमीहरूलाई संघीय तथा प्रदेशबाट उपलब्ध विशेष सुविधा तथा सहुलियतको अतिरिक्त गाउँपालिकाको आर्थिक ऐनअन्तर्गत थप सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ।

११. **गाउँपालिका उद्यम प्रवर्द्धन कोषको व्यवस्था** :

(१) गाउँपालिकामा उद्यम प्रवर्द्धन तथा विकासमा सघाउ पुऱ्याउन देहायबमोजिमको गाउँपालिका उद्यम प्रवर्द्धन कोषको स्थापना गरिनेछ। यस कोषको सञ्चालन सम्बन्धी कार्यविधिको विकास गरी बैंकिङ प्रणाली मार्फत व्यवस्थापन गरिनेछ।

(२) गाउँपालिका उद्यम प्रवर्द्धन कोषमा देहायबमोजिमका रकमहरू रहनेछन् :

(क) गाउँपालिकाद्वारा वार्षिक बजेटअन्तर्गत विनियोजनबाट उपलब्ध हुने रकम ।

(ख) संघ र प्रदेशबाट उपलब्ध हुने रकम ।

(ग) गाउँपालिकालाई नेपाल सरकारको स्वीकृतिमा विदेशी सरकार तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त हुने रकम ।

(घ) बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूबाट प्राप्त हुने रकम ।

(ङ) गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र व्यक्तिहरूद्वारा उद्यम व्यवसाय प्रवर्द्धनका लागि प्राप्त हुने रकम ।

(च) निजी, वित्तीय तथा सहकारी क्षेत्रबाट संस्थागत सामाजिक उत्तरदायित्व स्वरूप प्राप्त हुने रकम ।

(छ) अन्य स्रोतहरूबाट प्राप्त हुने रकम ।

१२. **गाउँपालिका उद्यम व्यवसाय प्रवर्द्धन कोषको उपयोग** : गाउँपालिका उद्यम व्यवसाय प्रवर्द्धन कोषको उपयोग देहायबमोजिम हुनेछ :

(क) उद्यम व्यवसाय सञ्चालनका लागि आवश्यक वित्तीय पहुँचलाई सहज तुल्याउन गाउँपालिकाले कोषबाट बैंकिङ प्रणालीमार्फत सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन सक्नेछ ।

(ख) गाउँपालिकाका विकट भौगोलिक क्षेत्र, विपन्न वर्ग, सीमान्तकृत समुदाय, अपांगता भएका व्यक्ति तथा महिला उद्यमीहरूलाई व्यवसाय सञ्चालनका लागि आवश्यक वित्तीय पहुँचलाई सहज तुल्याउन कोषबाट बैंकिङ प्रणालीमार्फत सहुलियतपूर्ण विशेष कर्जा उपलब्ध गराउन सक्नेछ ।

(ग) गाउँपालिकाको औद्योगिक ग्रामभित्र लघु, घरेलु तथा साना उद्योगहरूको स्थापना तथा सञ्चालनका लागि यस कोषबाट बैंकिङ प्रणालीमार्फत सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन सक्नेछ ।

(घ) गाउँपालिकाले निर्धारण गरेको प्राथमिकताका विषय क्षेत्रहरूमा उद्यम व्यवसायलाई प्रवर्द्धन गर्न कोषबाट बैंकिङ प्रणाली मार्फत सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ।

(ङ) गाउँपालिकाभित्र नवीनतम प्रविधिमार्फत उद्यम व्यवसाय सुरु तथा विकास विस्तार गर्न चाहने व्यक्तिहरूलाई नवीनतम प्रविधि तथा सीपका लागि सहयोग गरिनेछ।

(च) रुग्ण उद्योगहरूको पुनःस्थापनामा तथा विवादका कारण समस्यामा परेका उद्यमी व्यवसायीहरूलाई सहयोग उपलब्ध गराइनेछ।

१३. **उद्यम व्यवसायलाई सुविधा तथा सहुलियत** : गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका उद्यम व्यवसायलाई प्रोत्साहित गर्न गाउँपालिकाले आर्थिक ऐनमा व्यवस्था गरी स्थानीय करहरूमा छुट तथा अन्य सुविधा तथा सहुलियतहरू प्रदान गर्न सक्नेछ।

**द्रष्टव्य**ः संघीय तथा प्रदेश कानुनहरूद्वारा उद्यम व्यवसायलाई उपलब्ध कर छुटलगायत अन्य सुविधा तथा सहुलियतहरू प्राप्त गर्नमा गाउँपालिकाद्वारा सहजीकरण गरिनेछ भने गाउँपालिकाद्वारा आर्थिक ऐन मार्फतसमेत विशेष व्यवस्था गर्न सकिने छ।

## परिच्छेद– ३

## उद्योग व्यवसायको वर्गीकरण, नियमन, अनुगमन तथा निरीक्षण

१४. **उद्योगको वर्गीकरण :**

(१) पुँजी लगानी तथा रोजगारी सिर्जनाका आधारमा उद्योगहरूलाई देहायअनुसार वर्गीकरण गरिएको छ :

(२) लघु उद्यम : देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछ :

(क) घर, जग्गाबाहेक बढीमा बीस लाख रुपैयाँसम्म स्थिर पुँजी रहेको।

(ख) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको।

(ग) उद्यमीसहित बढीमा नौ जनासम्म कामदार रहेको ।

(घ) वार्षिक कारोबार एक करोड रुपैयाँभन्दा कम भएको ।

(ङ) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युत्तीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिनको क्षमता बीस किलोवाट वा सो भन्दा कम रहेको ।

(३) घरेलु उद्योगः देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछः

(क) घर जग्गाबाहेक बढीमा एक करोड रुपैयाँसम्म स्थिर पुँजी रहेको ।

(ख) परम्परागत सीप र प्रविधिमा आधारित तोकिएबमोजिमको उद्योग ।

(ग) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला संस्कृतिमा आधारित ।

(घ) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाट क्षमतासम्मको विद्युतीय ऊर्जा प्रयोग गरेको ।

(ङ) अनुसूची- ७ मा उल्लेख भएबमोजिमका उद्योगहरू ।

(४) साना उद्योग : लघु उद्यम र घरेलु उद्योगबाहेकका पन्ध्र करोड रुपैयाँसम्म स्थिर पुँजी भएको उद्योग ।

(५) मझौला उद्योग : पन्ध्र करोड रुपैयाँभन्दा बढी पचास करोडसम्म स्थिर पुँजी भएको उद्योग ।

(६) ठूला उद्योग : पचास करोड रुपैयाँभन्दा बढी स्थिर पुँजी भएको उद्योग ।

१५. **उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिका आधारमा वर्गीकरण** :

(१) उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिका आधारमा उद्योगहरूलाई देहाय अनुसार वर्गीकरण गरिएको छ :

(२) ऊर्जामूलक उद्योग : ऊर्जा उत्पादन गर्ने अनुसूची- ८ मा उल्लेख भए बमोजिमका उद्योगहरू ।

(३) उत्पादनमूलक उद्योग : कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्धप्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तुहरू उत्पादन गर्ने उद्योगहरू।

(४) कृषि, पशु सेवा तथा वन पैदावारमा आधारित उद्योग : कृषि, पशु सेवा तथा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि, पशु वा वन पैदावारसँग सम्बन्धित अनुसूची- ९ मा उल्लेख भएबमोजिमका उद्योगहरू।

(५) खनिज उद्योग : खनिज उत्खनन वा प्रशोधन गरी कुनै धातु वा धातुबाहेकका खनिज पदार्थ, मालवस्तुहरू उत्पादन गर्ने उद्योगहरू।

(६) पूर्वाधार उद्योग : भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची- १० मा उल्लेख भएबमोजिमका उद्योगहरू।

(७) पर्यटन उद्योग : पर्यटन सेवासँग सम्बन्धित अनुसूची- ११ मा उल्लेख भएबमोजिमका उद्योगहरू।

(८) सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग : सूचना संकलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रसारण प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची- १२ मा उल्लेख भएबमोजिमका उद्योगहरू।

(९) सेवामूलक उद्योग : सेवा उत्पादन गर्ने वा प्रदान गर्ने अनुसूची- १३ मा उल्लेख भएबमोजिमका उद्योगहरू।

(१०) अनुमति लिनुपर्ने उद्योग : संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम अनुसूची- १४ मा उल्लेख भएबमोजिमका उद्योगहरू गाउँपालिकामा दर्ता गर्नुअघि संघीय सरकारबाट अनुमति लिएको हुनुपर्नेछ।

(११) राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग : गाउँपालिकाले उद्योग व्यवसायको विकास तथा विस्तार गर्दा संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम अनुसूची- १५ मा उल्लेख भएबमोजिमका राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगहरूको सूचीलाई आधार लिनुपर्नेछ।

**१६. मझौला तथा ठूला उद्योग दर्ताका लागि गाउँपालिकाको सिफारिस :**

(१) गाउँपालिका भित्र मझौला तथा ठूला उद्योग दर्ताका लागि सिफारिसका निमित्त तोकिएको सिफारिस दस्तुर दाखिला गरेको रसिद वा भौचरसहित निवेदन प्राप्त हुन आएमा गाउँपालिकाले अध्ययन गरी मनासिब देखिएमा सात दिनभित्र सिफारिस गर्नुपर्नेछ।

(२) मझौला तथा ठूला उद्योग दर्ताका लागि सिफारिसका निमित्त प्राप्त निवेदन अनुसार गाउँपालिकाले अध्ययन गर्दा सिफारिस गर्न नसकिने ठोस कारण भएमा सम्बन्धित निवेदकलाई सात दिनभित्र लिखित जानकारी दिनुपर्नेछ।

(३) माग भई आएका सिफारिस गाउँपालिकाले तोकेको शुल्क लिई वडा कार्यालयले समेत प्रदान गर्न सक्ने छ।

**१७. उद्योग सञ्चालन र व्यावसायिक उत्पादन वा कारोबारको जानकारी दिनुपर्ने :**

(१) यस कार्यविधि बमोजिम गाउँपालिकाद्वारा दर्ता वा सिफारिस भई स्थापना गरिएका उद्योगहरूले सञ्चालन गरी व्यावसायिक उत्पादन वा कारोबारको सुरुवात गरेको लिखित जानकारी गाउँपालिकालाई दिनुपर्नेछ।

**१८. उद्योग बन्द गरेमा जानकारी गराउनुपर्ने :**

(१) गाउँपालिकामा सञ्चालनमा रहेको उद्योग बन्द वा स्थगन गरेमा सोको लिखित जानकारी गाउँपालिकालाई सात दिनभित्र दिनुपर्नेछ।

(२) यस्तो जानकारी प्राप्त भएपछि कुनै किसिमको अवरोध वा बाधा उत्पन्न भएको कारणले उद्योग बन्द वा स्थगन भएको पाइएमा गाउँपालिकाले सम्बद्ध पक्षहरूसँग छलफल गरी त्यस्तो अवरोध वा बाधा हटाउनमा पहल गर्नुपर्नेछ।

(३) उद्योग व्यवसायको बन्द वा स्थगनको लिखित जानकारी गाउँपालिकामा गराई स्विकृति पश्चात मात्र बन्द गर्नु पर्ने छ त्यसो नगरेको खण्डमा उद्योग व्यवसाय नियमित संचालन भएको मानि नविकरण तथा व्यवसाय कर संकलन गर्दा लाग्ने व्याज तथा जरिवाना सरकारी बाँकि सरह रहने छ।

१९. **उद्योग व्यवसायको खारेजी** :

(१) गाउँपालिकामा दर्ता भएका लघु, घरेलु तथा साना उद्योग सञ्चालन गर्न नसक्ने कारण खुलाई खारेजीका लागि गाउँपालिकामा तोकिएको दस्तुर दाखिला गरेको प्रमाणसहित निवेदन दिएमा निम्न सर्तहरू पूरा भएमा खारेजीको अनुमति दिनेछ।

(क) उद्योग सञ्चालन गर्न नसक्ने कारण वस्तुपरक रूपमा यकिन भएको।

(ख) खारेजीको माग गर्ने उद्योगले गाउँपालिकालाई बुझाउनुपर्ने कर तथा अन्य वित्तीय दायित्व चुक्ता गरेको।

(२) संघ र प्रदेशमा दर्ता भई गाउँपालिकाभित्र स्थापना भएका उद्योग खारेजीका लागि संघ र प्रदेशबाट सिफारिस माग भएमा उद्योग खारेजीको कारणबारे स्थलगत अवस्था अध्ययन गरी गाउँपालिकाले तोकेको दस्तुर लिई सिफारिस गर्न सक्नेछ।

(३) संघ र प्रदेशमा दर्ता भई गाउँपालिका भित्र सञ्चालन भएका उद्योग व्यवसायले वातावरणीय वा तोकिएका अन्य मापदण्ड पालना नगरेको देखिएमा तथा स्थानीय बासिन्दालाई हानि नोक्सानी पुग्ने देखिएमा त्यस्तो उद्योग व्यवसाय स्थगन वा खारेजीका सम्वन्धित तहमा सिफारिस गर्न सक्नेछ।

(४) सहकारी उद्योग व्यवसायको दर्ता खारेजी गर्नुपर्दा गाउँपालिकाको सहकारी कानुनमा उल्लिखित प्रावधानहरूसमेतलाई पालना गर्नुपर्नेछ।

(५) उपदफा (१), (२) र (३) मा उल्लेख भएअनुसार उद्योग व्यवसाय खारेज भएपछि गाउँपालिकाको अभिलेखमा लगत कट्टा गरिनेछ।

२०. **उद्योगको अनुगमन तथा निरीक्षण गर्ने** : गाउँपालिका क्षेत्रभित्रका उद्योगहरूले उद्यम व्यवसाय दर्ताका लागि तोकिएका सर्तहरूको पालना गरे/नगरेको अनुगमन तथा निरीक्षण देहायअनुसार गर्नेछ :

(क) गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका लघु, घरेलु तथा साना उद्योगको वस्तुस्थिति र तोकिएका सर्तहरूको पालना भए/नभएको सुनिश्चितताका लागि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले अनुगमन तथा निरीक्षण गराउन सक्नेछ । यसरी अनुगमन तथा निरीक्षणमा गराउँदा गाउँपालिकाको अध्यक्ष तथा अनुगमन समितिको संयोजकलाई जानकारी गराउनुपर्नेछ ।

(ख) उद्योगको वस्तुस्थिति र तोकिएका शर्तहरुको पालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कुनै अधिकृतलाई तोक्न सक्नेछ । यसरी उद्योगहरूको अनुगमन तथा निरीक्षणमा पठाउँदा यस कार्यको गाम्भीर्यता हेरी नगर कार्यपालिकाको सदस्य र स्थानीय उद्योग व्यवसाय संघको प्रतिनिधि सम्मिलित गरी संयुक्त रूपमा पनि अनुगमन तथा निरीक्षण गराउन सकिनेछ ।

(ग) माथि (क) मा उल्लेख भएबमोजिम अनुगमन तथा निरीक्षण गरेका व्यक्तिले अनुगमन तथा निरीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतसमक्ष बढीमा ७ दिनभित्र पेस गर्नुपर्नेछ ।

(घ) माथि (ख) मा उल्लेख भएबमोजिम पेस भएको अनुगमन तथा निरीक्षण प्रतिवेदनका आधारमा गाउँपालिकाद्वारा थप कुनै कारबाही गर्नुपर्ने देखिएमा प्रचलित कानुन र कार्यविधिको परिधिभित्र रहेर गर्नुपर्नेछ ।

(ङ) संघ र प्रदेशमा दर्ता भई गाउँपालिका भित्र स्थापना भएका उद्योगको अनुगमन तथा निरीक्षणका लागि कार्य विवरणसहित संघ र प्रदेशको सम्बद्ध निकायबाट लेखी आएमा गाउँपालिकाले विषय विशेषज्ञ निरीक्षक खटाई प्रतिवेदन गर्न सक्नेछ ।

(च) गाउँपालिका क्षेत्रभित्र संघीय तथा प्रदेश सरकारहरूबाट इजाजत प्राप्त गरी सञ्चालन भएका उद्योग व्यवसायहरूले तोकेका सर्त तथा मापदण्डको परिपालना गरे/नगरेको अनुगमन तथा निरीक्षण गरी सम्बन्धित तहको सरकारलाई गाउँपालिकाले प्रतिवेदन पेस गर्न सक्नेछ।

(छ) गाउँपालिका क्षेत्रभित्र संघीय तथा प्रदेश सरकारहरूबाट इजाजत प्राप्त गरी सञ्चालन भएका उद्योग व्यवसायहरूले तोकेका सर्त तथा मापदण्डको परिपालना गरे/नगरेको अनुगमन तथा निरीक्षण गरी सम्बन्धित तहको सरकारलाई गाउँपालिकाले प्रतिवेदन पेस गर्न सक्नेछ।

(ज) माथि (छ) मा उल्लेख भएबमोजिमका उद्योग व्यवसायको नियमन गर्न गाउँपालिकामा प्राविधिक जनशक्ति उपलब्ध नभएमा आवश्यक प्राविधिक जनशक्ति उपलब्धताका लागि सम्बन्धित तहको निकायमा गाउँपालिकाले अनुरोध गर्न सक्नेछ।

(झ) उद्योग व्यवसाय सम्बन्धी गुनासो प्राप्त भएमा सोसम्बन्धी अध्ययन गरी निराकरण तथा व्यवस्थापनका लागि गाउँपालिकाले आवश्यक पहल गर्नेछ।

## परिच्छेद– ४

## व्यापार व्यवसायको वर्गीकरण

२१. **व्यापार व्यवसायको किसिम** : व्यापार व्यवसायको प्रकृति आधारमा निम्नबमोजिम विभाजन गरिएको छ :

(क) थोक व्यापार व्यवसाय : आयातकर्ता वा उत्पादकसँग खरिद गरी खुद्रा विक्रेतालाई बिक्री गर्ने विभिन्न मालसामानहरू।

(ख) खुद्रा व्यापार व्यवसाय : आयातकर्ता, उत्पादक वा थोक विक्रेतासँग खरिद गरी उपभोक्ताहरूलाई बिक्री गर्ने व्यवसायलाई खुद्रा व्यापारको कारोबार गरिने विभिन्न मालसामानहरू ।

(ग) निर्यात व्यापार व्यवसाय : तयारी, अर्धप्रशोधित वा कच्चा मालसामानहरू खरिद गरेर वा आफैं उत्पादन गरेर निर्यात गर्ने कार्य ।

(घ) आयात व्यापार व्यवसाय : तयारी, अर्धप्रशोधित वा कच्चा मालसामानहरू विदेशी उत्पादक वा वितरक निर्यातकर्तासँग खरिद गरी आयात गर्ने कार्य ।

२२. **व्यापार व्यवसायको वर्गीकरण** : व्यापार उद्यमका विभिन्न किसिमलाई पुँजी लगानीका आधारमा देहायबमोजिम वर्गीकरण गरिएको छ :

(क) लघु व्यापार व्यवसाय : बढीमा बीस लाख रुपैयाँसम्म पुँजी लगानी गरेको र वार्षिक कारोबार पचास लाख रुपैयाँभन्दा कमको कारोबार गर्ने व्यापार व्यवसाय ।

(ख) साना व्यापार व्यवसाय : बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म पुँजी लगानी गरेको र वार्षिक कारोबार दुई करोडसम्मको कारोबार गर्ने व्यापार व्यवसाय ।

(ग) मझौला व्यापार व्यवसाय : पचास लाख रुपैयाँभन्दा बढी पाँच करोडसम्म पुँजी लगानी गरेको र वार्षिक कारोबार दस करोडसम्मको कारोबार गर्ने व्यापार व्यवसाय ।

(घ) ठूला व्यापार व्यवसाय : पाँच करोड रुपैयाँभन्दा बढी पुँजी लगानी गरेको र वार्षिक कारोबार दस करोडभन्दा बढीको कारोबार गर्ने व्यापार व्यवसाय ।

२३. **व्यापार व्यवसाय सञ्चालन र व्यावसायिक कारोबारको जानकारी दिनुपर्ने** :

(१) यस कार्यविधिबमोजिम गाउँपालिकाद्वारा दर्ता वा सिफारिस भई स्थापना गरिएका व्यापार व्यवसायले व्यावसायिक कारोबारको सुरुवात गरेको लिखित जानकारी सात दिनभित्र गाउँपालिकालाई दिनुपर्नेछ ।

२४. **व्यापार व्यवसाय बन्द गरेमा जानकारी गराउनुपर्ने** :

(१) गाउँपालिकामा सञ्चालनमा रहेको व्यापार व्यवसाय बन्द वा स्थगन गरेमा सोको लिखित जानकारी गाउँपालिकालाई सात दिनभित्र दिनुपर्नेछ।

(२) यस्तो जानकारी प्राप्त भएपछि कुनै किसिमको अवरोध वा बाधा उत्पन्न भएको कारणले व्यापार व्यवसाय बन्द वा स्थगन भएको पाइएमा गाउँपालिकाले सम्बद्ध पक्षहरूसँग छलफल गरी त्यस्तो अवरोध वा बाधा हटाउनमा पहल गर्नुपर्नेछ।

२५. **व्यापार व्यवसायको खारेजी** :

(१) गाउँपालिकामा दर्ता भएका व्यापार व्यवसाय सञ्चालन गर्न नसक्ने कारण खुलाई खारेजीका लागि गाउँपालिकामा तोकिएको दस्तुर दाखिला गरेको प्रमाणसहित निवेदन दिएमा निम्न सर्तहरू पूरा भएमा खारेजीको अनुमति दिनेछ।

(क) व्यापार व्यवसाय सञ्चालन गर्न नसक्ने कारण वस्तुपरक रूपमा यकिन भएको।

(ख) खारेजीको माग गर्ने व्यापार व्यवसायले गाउँपालिकालाई बुझाउनुपर्ने कर तथा अन्य वित्तीय दायित्व चुक्ता गरेको।

(२) संघ र प्रदेशमा दर्ता भई गाउँपालिकाभित्र स्थापना भएका व्यापार व्यवसाय खारेजीका लागि संघ र प्रदेशबाट सिफारिस माग भएमा उद्योग खारेजीको कारणबारे स्थलगत अवस्था अध्ययन गरी गाउँपालिकाले तोकिएको दस्तुर लिई सिफारिस गर्न सक्नेछ।

(३) सहकारी व्यापार व्यवसायको दर्ता खारेजी गर्नुपर्दा गाउँपालिकाको सहकारी कानुनमा उल्लिखित प्रावधानहरू समेतलाई पालना गर्नुपर्नेछ।

(४) उपदफा (१), (२) र (३) मा उल्लेख भएअनुसार व्यापार व्यवसाय खारेज भएपछि गाउँपालिकाको अभिलेखमा लगत कट्टा गरिनेछ।

२६. **व्यापार व्यवसायको अनुगमन तथा निरीक्षण गर्ने** : गाउँपालिका क्षेत्रभित्रका व्यापार व्यवसायहरूले व्यवसाय दर्ताका लागि तोकिएका सर्तहरूको पालना गरे/नगरेको बुझ्न गाउँको अनुगमन तथा निरीक्षण देहायअनुसार गर्नेछ :

(क) गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका व्यापार व्यवसायको वस्तुस्थिति र तोकिएका सर्तहरूको पालना भए/नभएको बारे बुझ्न गाउँपालिकाका अध्यक्ष तथा अनुगमन समितिको संयोजकलाई जानकारी गराई प्रमुख प्रशासकीय अधिकृतले अनुगमन तथा निरीक्षणमा खटाउन सक्नेछ।

(ख) व्यापार व्यवसाय अनुगमन समितिको गठन गाउँपालिकाको बजार अनुगमन निर्देशिकाको प्रकरण ४ मा तोकिएबमोजिम गर्नुपर्नेछ।

(ग) माथि (क) मा उल्लेख भएबमोजिम खटाइएको व्यक्तिले अनुगमन तथा निरीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेस गर्नुपर्नेछ।

(घ) माथि (ख) मा उल्लेख भएबमोजिम पेस भएको अनुगमन तथा निरीक्षण प्रतिवेदनका आधारमा गाउँपालिकाद्वारा थप कुनै कारबाही गर्नुपर्ने देखिएमा प्रचलित कानुन र कार्यविधिको परिधिभित्र रहेर गर्नुपर्नेछ।

(ङ) संघ र प्रदेशमा दर्ता भई गाउँपालिकाभित्र स्थापना भएका व्यापार व्यवसायको अनुगमन तथा निरीक्षणका लागि कार्य विवरणसहित संघ र प्रदेशको सम्बद्ध निकायबाट लेखी आएमा गाउँपालिकाले निरीक्षक खटाई प्रतिवेदन गर्न सक्नेछ।

(च) गाउँपालिका क्षेत्रभित्र प्रदेश तथा संघीय सरकारहरूबाट इजाजत प्राप्त गरी सञ्चालन भएका व्यापार व्यवसायहरूले तोकेका सर्त तथा मापदण्डको परिपालना गरे/नगरेको अनुगमन तथा निरीक्षण गरी सम्बन्धित तहको सरकारलाई प्रतिवेदन पेस गर्न सक्नेछ।

(छ) व्यापार व्यवसायसम्बन्धी गुनासो गाउँपालिकामा प्राप्त भएमा सोसम्बन्धी अध्ययन गरी निराकरण तथा व्यवस्थापनका लागि आवश्यक पहल गर्नेछ।

## परिच्छेद– ५

## विविध

२७. **अनुसूचीमा हेरफेर गर्न सक्ने** :

(१) कार्यविधिको अनुसूचीमा हेरफेर तथा थपघट गर्नुपर्ने भएमा गाउँपालिका उद्यम व्यवसाय प्रवर्द्धन तथा सहजीकरण समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्नेछ। यस्तो हेरफेर गर्दा संघीय तथा प्रदेश कानुन अनुकूल हुनुपर्नेछ।

२८. **कार्यविधिको व्याख्या तथा संशोधन** : कार्यविधिको संशोधन गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाले गर्नेछ।

अनुसूची- १

(कार्यविधिको प्रकरण ४ (१) सँग सम्बन्धित)

उद्यम व्यवसाय दर्ताका लागि दिने निवेदनको ढाँचा

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
नौकुण्ड गाउँपालिका

महोदय,

बागमती प्रदेश, रसुवा जिल्ला, नौकुण्ड गाउँपालिका वडा नं. .... मा ....... .......................................... नामको उद्यम व्यवसाय स्थापना गर्ने चाहना भएको हुँदा देहायबमोजिमको विवरण र कागजातसहित उद्योग दर्ताका लागि तोकिएबमोजिमको दस्तुर बुभाएको बैंक भौचरसहित निवेदन गरेको छु/गरेका छौं । निवेदनमा उल्लेख भएको व्यहोरा साँचो छ । भूटा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

निवेदको पूरा नाम थर :
निवेदकको ठेगाना :
नागरिकताको प्रमाणपत्र नम्बर ........जारी मिति ....... जिल्ला .........
उद्यम व्यवसायको किसिम :
उद्यम व्यवसाय रहने ठेगाना : .......... प्रदेश ........ जिल्ला ............
गाउँपालिका वडा नं. .......... टोल/मार्ग .................
पूँजीः स्थिर रु. ............. चालू रु. ............ कुल रु................
विद्युत क्षमताः
कामदार/कर्मचारीः पुरुष .... जना, महिला..... जना जम्मा ..... जना
वार्षिक उत्पादन तथा विक्रि लक्ष्य रु. ...............
निवेदकको नाम, तथा विस्तृत ठेगाना तथा सम्पर्क नम्बर

**संलग्न गर्नुपर्ने कागजात**

१. निवेदकको नागरिकताको प्रमाणपत्र ।

२. अनुसूची- १(क), १(ख) र १(ग) बमोजिमको परियोजना प्रस्ताव ।

३. प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि (कम्पनीको हकमा मात्र) ।

४. साझेदारी कबुलियतनामा (साझेदारी फर्म भए) ।

५. अन्य निकायको सहमति लिनु पर्ने उद्योग व्यवसायको हकमा अनुमति तथा सहमति (जस्तै- पर्यटन, स्वास्थ्य, औषधि, सञ्चार, वन, श्रम आदिसँग सम्बन्धित उद्योग भएमा) ।

६. वडा मुजुल्का (उद्योगको हकमा मात्र) र वडाको सिफारिस ।

७. वातावरण मूल्यांकन र संघ/प्रदेशको पूर्वअनुमति आवश्यक पर्ने भएमा तत्सम्बन्धी कागजातहरू ।

८. पासपोर्ट साईजको फोटो ३ प्रति

९. लालपुर्जाको प्रतिलिपि

१०. जग्गा अन्यको नाममा भएमा जग्गा धनि एकाघरको भएमा मन्जुरिनामा तथा अन्य भएमा जग्गा भाडा सम्झौता अन्य आवश्यक कागजात ।

**द्रष्टव्य** :एक जनाभन्दा बढी निवेदक भए अन्य निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र निजहरूले उद्योग दर्ताका लागि निवेदकलाई दिएको अख्तियारीसमेत संलग्न राख्नुपर्ने ।

## अनुसूची– १(क)

**(कार्यविधिको प्रकरण ४ (२) सँग सम्बन्धित)**

**साना/मझौला/ठूला उद्योग व्यवसायका लागि परियोजना विवरण**

१. उद्योग व्यवसायको नाम :

२. उद्योग व्यवसाय रहने स्थल : ....... प्रदेश ........ जिल्ला ....... गाउँपालिका वडा नम्बर : ..................... कित्ता नं. .....

३. पत्राचार ठेगाना र फोन नं, इमेल....... सम्पर्क व्यक्तिको नाम .........

४. उद्योगको हकमा विशेष आर्थिक क्षेत्र/औद्योगिक ग्राममा रहनेको नाम ..

५. उद्योग व्यवसायको स्तर : लघु, घरेलु, साना/मझौला/ठूला

६. उद्यम व्यवसायको कानुनी रूप : निजी फर्म/साझेदारी फर्म/प्रा.लि. कम्पनी/पब्लिक लिमिटेड कम्पनी

७. उद्योगको विषयगत प्रकृतिका आधारमा वर्गीकरण : ऊर्जामूलक उद्योग उत्पादनमूलक उद्योग/कृषि तथा वन पैदावरमा आधारित उद्योग/खनिज उद्योग/निर्माण उद्योग/सेवामूलक उद्योग/पर्यटन उद्योग/सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योग।

८. उद्योगको हकमा निम्नबमोजिमको विवरण :

(क) उत्पादन हुने वस्तु वा सेवाको विवरण :

| सि. नं. | वस्तु वा सेवाको विवरण | उत्पादन क्षमता (परिमाणमा) | इकाइ | बिक्री मूल्य दर (रु...) | कुल बिक्री मूल्य (रु...) |
|---|---|---|---|---|---|
| | | | | | |

(ख) परियोजना लागत वा लगानीको स्रोत :

(ग) स्थिर पुँजी विवरण :

(घ) चालु पुँजीको विवरण :

(ङ) मेसिनको विवरण :

(च) उद्योगले प्रयोग गर्ने आवश्यक कच्चा पदार्थको विवरण :

(छ) जनशक्ति विवरण :

(ज) उद्योग सञ्चालनबाट प्रभावित हुन सक्ने वातावरणीय पक्षहरू :

## अनुसूची– १(ख)

**(कार्यविधिको प्रकरण ४ (२) सँग सम्बन्धित)**

## लघु उद्यम तथा घरेलु उद्योग सम्बन्धी विवरण

१. उद्योगको नाम : .........................................

२. उद्योगको किसिम : लघु/घरेलु

३. उद्योग रहने स्थल : ......... प्रदेश .......... जिल्ला ........... गाउँपालिका वडा नं. ......

४. उद्योगको कानुनी रूप : निजी फर्म/साझेदारी फर्म/प्रा.लि. कम्पनी/पब्लिक लिमिटेड कम्पनी

६. उद्योगको विषयगत वर्गीकरण : ऊर्जामूलक उद्योग उत्पादनमूलक उद्योग/कृषि तथा वन पैदावरमा आधारित उद्योग/खनिज उद्योग/निर्माण उद्योग/सेवामूलक उद्योग/पर्यटन उद्योग/सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योग।

७. उत्पादन हुने वस्तु/सेवा :

८. वार्षिक उत्पादन क्षमता :

९. अनुमानित लगानी (क) स्थिर पुँजी (रु.) (ख) चालु पुँजी (रु.)

१०. उद्योग सञ्चालनका लागि आवश्यक पर्ने विद्युत् शक्तिको जडित क्षमता :

११. उद्योग सञ्चालनका लागि आवश्यक जनशक्ति :

## अनुसूची– १(ग)

**(कार्यविधिको प्रकरण ४ (२) सँग सम्बन्धित)**

## व्यापार व्यवसाय सम्बन्धी विवरण

१. व्यापार व्यवसायको प्रस्तावित नाम : ...............................

२. व्यापार व्यवसायको किसिम : लघु/साना/मझौला/ठूला

३. व्यापार व्यवसाय रहने स्थल : ....... प्रदेश ...... जिल्ला ......... गाउँपालिका वडा नं. ......

४. व्यापार व्यवसायको कानुनी रूप : निजी फर्म/साझेदारी फर्म/प्रा.लि. कम्पनी/पब्लिक लिमिटेड कम्पनी

५. व्यापार व्यवसायको विषयगत वर्गीकरण :

६. व्यापार व्यवसायको वस्तु/सेवाहरू :

७. व्यापार व्यवसायको वार्षिक कारोबार क्षमता :

८. अनुमानित लगानी (क) स्थिर पुँजी (रु.) (ख) चालु पुँजी (रु.)

९. व्यापार व्यवसाय सञ्चालनका लागि आवश्यक जनशक्ति :

**अनुसूची– २**

(**कार्यविधिको प्रकरण** ४ (६) **सँग सम्बन्धित**)

**उद्यम व्यवसाय दर्ता प्रमाणपत्रको ढाँचा**

**नौकुण्ड गाउँपालिका**
**रसुवा जिल्ला, बागमती प्रदेश**

| निवेदकको फोटो |
|---|

दर्ता प्रमाणपत्र .नं
करदाता नं.

**प्रमाणपत्र**

निम्न लेखिएको विवरण भएको.................... उद्यम व्यवसायलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा........ ले दिएको अधिकार प्रयोग गरी २०..... साल ...... गते ..... रोज ..... मा यो प्रमाणपत्र दिइएको छ।

**विवरण**

उद्यम व्यवसायको प्रोप्राइटर/साझेदार/संस्थापक सेयरवालाको नाम र ठेगाना :
उद्यम व्यवसायको किसिम :
उद्यम व्यवसायको कानुनी स्वरूप :
उद्यम व्यवसायको ठेगाना तथा कित्ता नं.:
कुल पुँजी लगानी : स्थिर रु. चालू रु.............. कुल रु. ....
विद्युत क्षमता .............
कामदार संख्या ................
उद्देश्य :
मिति :

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची- २(क)**

**(कार्यविधिको प्रकरण ४ (१०) सँग सम्बन्धित)**

**नवीकरण सम्बन्धी विवरण**

**मिति : २०...... देखि २० ...... सम्म**

| नविकरण गर्ने कार्यालय | नविकरण दस्तुर भौ.नं. र मिति | नविकरण बहाल रहने मिति | दस्तखत, मिति र कार्यालयको छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**अनुसूची- ३**

(**कार्यविधिको प्रकरण** ४ (९) **सँग सम्बन्धित**)

**उद्यम व्यवसाय नवीकरण गर्नको निमित्त दिने दरखास्तको ढाँचा**

मितिः ....................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
......... गाउँपालिका कार्यालय,.......... ।

महोदय,

यस .................... संस्थाले ..................................... .................. उद्यम व्यवसाय चलाउन त्यस गाउँपालिकाबाट दर्ता नं. ............... को प्रमाणपत्र प्राप्त गरी सञ्चालनमा रहेकाले नवीकरणका निमित्त तोकिएबमोजिमको दस्तुर बुभाएको भौचरसहित दरखास्त पेस गरेका छौं । सो प्रमाणपत्र नवीकरण गरिदिन अनुरोध गर्दछौं ।

निवेदक

## अनुसूची– ४

**(कार्यविधिको प्रकरण ६ (१) सँग सम्बन्धित)**

**उद्यम व्यवसायको नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरण गर्नको निमित्त दिने दरखास्तको ढाँचा**

मितिः ....................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
......... गाउँपालिका कार्यालय,.......... ।

महोदय,

यस उद्यम व्यवसायको निम्न बमोजिम नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरण आवश्यक भएकाले सोको स्वीकृतिको निमित्त तोकिए बमोजिमको दस्तुर बुझाएको भौचरसहित दरखास्त पेस गरेका छौं । सोबमोजिम नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरणको स्वीकृति प्रदान गरिदिन अनुरोध गर्दछौं ।

उद्यम व्यवसायको :
नाम :
उद्देश्य :
पुँजी परिवर्तन :
स्थानान्तरणसम्बन्धी विवरण :

निवेदक

## अनुसूची– ५
**(कार्यविधिको प्रकरण ६ (२) सँग सम्बन्धित)**

## उद्यम व्यवसायको नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरण स्वीकृतिको ढाँचा

श्री..................

.......................

त्यस उद्यम व्यवसायको निवेदन बमोजिम नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरणका लागि निम्न अनुसार गर्ने गरी स्वीकृति प्रदान गरिएको छ।

(क) उद्यम व्यवसायको साविकको नाम, उद्देश्य, पुँजी, स्थानान्तरण सम्बन्धी विवरण :

(ख) स्वीकृति प्रदान गरिएको उद्यम व्यवसायको निम्न बमोजिम नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरण सम्बन्धी विवरण :

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची– ६
(कार्यविधिको प्रकरण ६(३) सँग सम्बन्धित)
### उद्यम व्यवसायको अभिलेख ढाँचा

| क्र. सं. | उद्यम व्यवसायको नाम | उद्यम व्यवसायको ठेगाना | दर्ता नं. | दर्ता मिति | उद्यम व्यवसायको कानुनी स्वरुप | उद्यम व्यवसायको विषयगत किसिम | उद्यम व्यवसायमा स्वामित्व मुख्य व्यक्तिको नाम | कुल पुँजी (रु. हजारमा) | नवीकरण मिति | उद्यम व्यवसायलाई कुनै सुविधा सहुलियतका लागि सिफारिस गरिएको भए सोको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## अनुसूची– ७

**(कार्यविधिको प्रकरण १४ (३) सँग सम्बन्धित)**

## घरेलु उद्योग

१. हात वा खुट्टाले चलाउने र अर्धस्वचालित तान (ह्यान्ड लुम, पेडल लुम, सेमी–अटोमेटिक लुम), कपडा बेर्ने (ऱ्यापिङ), परम्परागत प्रविधिबाट गरिने रंगाइ, छपाइ, सिलाइ (तयारी पोसाकबाहेक) र बुनाइ,
२. ऊन र रेशममा आधारित हाते बुनाइका राडी, पाखी, गलैंचा, पस्मिना, पोसाक, हाते कागज र सोमा आधारित वस्तु,
३. परम्परागत कलामा आधारित वस्तु,
४. परम्परागत मूर्तिकला,
५. तामा, पित्तल, ढलौट, काँस र जर्मन सिल्भरजस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान,
६. फलामबाट बनेका हस्तनिर्मित भाँडावर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालोजस्ता परम्परागत औजारहरू,
७. सुन वा चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडावर्तनहरू (बहुमूल्य, अर्धबहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत),
८. स्वदेशमा उपलब्ध किमति, अर्धकिमति तथा साधारण पत्थर कटाइ उद्योग, ग्रामीण ट्र्यानिङ/छालाबाट हस्तनिर्मित वस्तुहरू,
९. जुट, सवाई घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,
१०. पत्थरकला (ढुंगा कुँदेर बनाइएका सामानहरू),
११. पौभा, थांका चित्र र अन्य परम्परागत चित्रकला,
१२. मुकुन्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,
१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,
१४. काठ, हाड तथा सिङ, माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरू, सेरामिक्स तथा माटाका भाँडाकुँडा,
१५. हातले छाप्ने ईँटा उद्योग ।

## अनुसूची– ८

**(कार्यविधिको प्रकरण १५ (२) सँग सम्बन्धित)**

**ऊर्जामूलक उद्योग**

१. जलस्रोत, वायु, सौर्य शक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्यास, बायोमास वा अन्य स्रोतहरूबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो ऊर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन/उपकरण निर्माण गर्ने उद्योग,

२. विद्युत् प्रसारण लाइन,

३. विद्युत् वितरण प्रणाली,

४. बायो ग्यासमा आधारित ऊर्जा,

५. चिनी उद्योगको सहउत्पादनका रूपमा उत्पादन हुने विद्युतीय ऊर्जा,

६. ऊर्जाको सम्भाव्यता अध्ययन गर्ने ।

## अनुसूची– ९

**(कार्यविधिको प्रकरण १५ (४) सँग सम्बन्धित)**

## कृषि तथा वन पैदावारमा आधारित उद्योग

१. फलफूल खेती वा फलफूल प्रशोधन,

२. खाद्यवस्तुको उत्पादन र प्रशोधन तथा भण्डारण,

३. पशुपालन, पक्षीपालन (अस्ट्रिचसमेत), पशुपक्षी प्रजनन, चल्ला काढ्ने व्यवसाय र मासु उत्पादन तथा प्रशोधन,

४. दूध उत्पादन तथा दुग्ध पदार्थ प्रशोधन उद्योग (दूधजन्य परिकार उत्पादनसमेत),

५. मत्स्यपालन, माछा भुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ,

६. कृषि उपज प्रमुख कच्चा पदार्थ हुने पशुपक्षीको दाना उत्पादन उद्योग,

७. रेशम खेती तथा रेशम प्रशोधन,

८. चिया बगान, चिया प्रशोधन,

९. कफी खेती, कफी प्रशोधन,

१०. जडीबुटी खेती, जडीबुटी प्रशोधन,

११. तरकारी बीउबिजन उत्पादन,

१२. तरकारी खेती, तरकारी प्रशोधन,

१३. हरित गृह (ग्रिन हाउस) स्थापना र सञ्चालन,

१४. मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन),

१५. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउबिजन उत्पादन समेत),

१६. नर्सरी व्यवसाय, वनस्पति उद्यान स्थापना, संरक्षण तथा व्यवस्थापन, वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चरसमेत),

१७. रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन,

१८. शीत भण्डार, कृषि बजार सञ्चालन तथा व्यवस्थापन,

१९. सामुदायिक, कबुलियती, साझेदारी, निजी वन तथा कृषि वनको स्थापना र व्यवस्थापन, अन्य गैरकाष्ठजन्य वन पैदावार,

२०. नगदे बालीको व्यावसायिक खेती तथा प्रशोधन (जस्तैः उखु, कपास, सनपाट, सजिवन, स्वीट सरघम, स्टेभिया रेवौडिएन, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन, मसला बाली, दलहन आदि तथा तिनको बीउ उत्पादन),

२१. बेत, बाँस खेती, बेत बाँस तथा अन्य प्राकृतिक रेशाजन्य उत्पादनहरू,

२२. बीउबिजन प्रशोधन,

२३. सःमिल, फर्निचरलगायतका काष्ठ उद्योग,

२४. पार्केटिङ, सिजनिङ, ट्रिटमेन्ट प्लान्ट, प्लाइउड, कम्पोजिट, बोर्डजस्ता काष्ठजन्य उद्योग,

२४. कागज, रेजिनलगायत अन्य गैरकाष्ठजन्य वन पैदावरमा आधारित उद्योग,

२५. च्याउ, नयाँ प्रविधिद्वारा बिरुवा उत्पादन गर्ने उद्योग (टिस्युकल्चर), एग्रोफरेस्ट,

२६. कपास खेती, कपास र कपासको बीउ उत्पादन तथा प्रशोधन गर्ने ।

## अनुसूची– १०
## पूर्वाधार उद्योग
(**कार्यविधिको प्रकरण १५** (६) **सँग सम्बन्धित**)

१. सडक, पुल, सुरुङ,
२. रोपवे, रेलवे, ट्राम, ट्रलिबस, मोनोरेल र स्लाइडिङकार,
३. हवाई धावन मार्ग/विमानस्थल,
४. औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स,
५. सभा सम्मेलन केन्द्र,
६. खानेपानी आपूर्ति तथा वितरण,
७. सिँचाइ पूर्वाधार,
८. खेलकुद गृह, रङ्गशाला,
९. सवारी पार्किङ स्थल, पार्किङ गृह,
१०. निर्यात प्रशोधन क्षेत्र,
११. विशेष आर्थिक क्षेत्र,
१२. कार्गो कम्प्लेक्स,
१३. प्रदूषित पानी प्रशोधन उद्योग (वेस्ट बाटर ट्रिटमेन्ट प्लान्ट),
१४. टेलिफोन टावर, अप्टिकल फाइबर नेटवर्क, भू-उपग्रह, भू-उपग्रह प्रसारण केन्द्र,
१५. घर तथा आवास भवन,
१६. फिल्म सिटी निर्माण, फिल्म स्टुडियो निर्माण,
१७. व्यापारिक कम्प्लेक्स,
१८. निजी वेयर हाउस,
१९. इन्धन तथा ग्यास आपूर्तिको पाइप लाइन जडानको पूर्वाधारको निर्माण, व्यवस्था तथा सञ्चालन,
२०. ऊर्जा घर तथा ऊर्जा प्रसारण लाइनको पूर्वाधार निर्माण व्यवस्था तथा सञ्चालन ।

## अनुसूची– ११

**(कार्यविधिको प्रकरण १५ (७) सँग सम्बन्धित)**

## पर्यटन उद्योग

१. पर्यटक आवास, मोटेल, होटेल, रिजोर्ट, बार तथा रेस्टुराँ,

२. ट्राभल एजेन्सी, टुर अप्रेटर, हिलिङ सेन्टर, क्यासिनो, मसाज, स्पा,

३. साहसिक पर्यटन : ट्रेकिङ, स्किइङ, पाराग्लाइडिङ, बाटर र्‍याफ्टिङ, हट एयर ब्यालुनिङ, क्यानोनिङ, प्यारासेलिङ, घोडचढी, हात्तीचढी, बन्जी जम्पिङ, हिमाल आरोहण, जिपफ्लायर, अल्ट्रालाइट, स्काइवाकिङ, स्काइडाइभिङ र यस्तै प्रकारका अन्य साहसिक खेल,

४. केबुलकारको निर्माण गरी सञ्चालन गर्ने उद्योग,

५. गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ, पदयात्रा, साइक्लिङ,

६. ग्रामीण पर्यटन, होम स्टे तथा पर्यावरणीय पर्यटन, कृषि पर्यटन,

७. सांस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन,

८. मनोरञ्जन पार्क, वाटर पार्क,

९. वन्यजन्तु आरक्ष,

१०. संग्रहालय ।

## अनुसूची– १२

**(कार्यविधिको प्रकरण १५(८) सँग सम्बन्धित)**

**सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग**

**खण्ड (क)**

**सूचना प्रविधि उद्योग**

(१) टेक्नोलोजी पार्क,

(२) आई.टी. पार्क,

(३) बायोटेक पार्क,

(४) सफ्टवेयर विकास,

(५) कम्प्युटर तथा सोसँग सम्बन्धित सेवाहरू,

(६) तथ्याङ्क प्रशोधन,

(७) साइबर क्याफे,

(८) डिजिटल म्यापिङ,

(९) बिजिनेस प्रोसेस आउटसोर्सिङ (बी.पी.ओ.), नलेज प्रोसेस आउटसोर्सिङ (के.पी.ओ.)

(१०) डाटा सेन्टर, डाटा माइनिङ, क्लाउड कम्प्युटिङ,

(११) डिजिटल सिग्नेचर सर्टिफाइड एजेन्सी,

(१२) वेब पोर्टल, वेब डिजाइन सेवा, वेब होस्टिङ, अनलाइन वर्गीकृत विज्ञापन सेवा ।

**खण्ड (ख)**

**सञ्चार प्रविधिमा आधारित उद्योग**

(१) इन्टरनेट सर्भिस प्रोभाइडर (आई.एस.पी.),

(२) टेलिफोन, मोबाइल फोन, मोबाइल स्याटलाइट फोन अपरेटर सेवा,

(३) टेलिपोर्ट सेवा,

(४) भू-उपग्रह (स्याटलाइट) स्थापना एवं सञ्चालन, भू-उपग्रह प्रसारण केन्द्र स्थापना, भिस्याट सेवा,

(५) ब्रोडब्यान्ड पूर्वाधार, टेलिकम टावर, अप्टिकल नेटवर्क, स्याटलाइट नेटवर्क,

(६) सामाजिक सञ्जाल, अनलाइन म्यासेज, भिडियो कल, कन्फरेन्स ।

**खण्ड (ग)**

**प्रसारण प्रविधिमा आधारित उद्योग**

(१) एफ.एम. रेडियो, डिजिटल रेडियो सेवा,

(२) डिजिटल भू-सतही टेलिभिजन, स्याटलाइट टेलिभिजन, केबुल टेलिभिजन,

(३) आई.पी. टेलिभिजन, अनलाइन सेवा,

(४) डिजिटल केबुल टेलिभिजन, नेटवर्क, डाइरेक्ट-टु-होम (डी.टी.एच.) स्याटलाइट सेवा, एम.एम.डी.एस नेटवर्क, डिजिटल टेलिभिजन (डी.टी.टीभी) नेटवर्क,

(५) रेकर्डिङ स्टुडियो, प्रसारण स्टुडियो,

(६) छापा सञ्चार (प्रिन्ट मिडिया) उद्योग, श्रव्य-दृश्य (अडियो भिजुअल) सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,

(७) चलचित्र वा वृत्तचित्र उत्पादन ।

## अनुसूची– १३

**(कार्यविधिको प्रकरण १५(९) सँग सम्बन्धित)**

**सेवामूलक उद्योग**

१. यान्त्रिक कार्यशाला (वर्कसप),

२. छापाखाना तथा छपाइसम्बन्धी सेवा,

३. पेसागत अनुसन्धान तथा विकास, व्यवस्थापन, इन्जिनियरिङ तथा डिजाइन, कानुनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरू,

४. जिनिङ तथा बेलिङ व्यवसाय,

५. प्रदर्शनी सेवा,

६. सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,

७. निर्माण व्यवसाय,

८. सार्वजनिक यातायात व्यवसाय,

९. फोटोग्राफी,

१०. अस्पताल,

११. नर्सिङ होम, क्लिनिक, पोलिक्लिनिक, पुनःस्थापना गृह सञ्चालन, फिजियोथेरापी क्लिनिक, आयुर्वेद तथा अन्य वैकल्पिक अस्पताल,

१२. शारीरिक व्यायाम, योग-ध्यान तथा अभ्यास केन्द्र सञ्चालन,

१३. शिक्षण एवं प्रशिक्षण संस्था,

१४. पुस्तकालय, अभिलेखालय तथा संग्रहालय सेवा,

१५. प्रयोगशाला,

१६. हवाई यातायात सेवा,

१७. खेलकुद सेवा, स्वीमिङ पुल,

१८. शीत भण्डार सञ्चालन,

१९. हाउस वायरिङ इलेक्ट्रिकल फिटिङ र मर्मत,

२०. फोहोरमैला संकलन तथा सरसफाइ, फोहोरमैला पुनः प्रशोधन,

२१. घर जग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने व्यवसाय,

२२. निर्माणसम्बन्धी भारी उपकरण (हेभी इक्विपमेन्ट) भाडा, मर्मत तथा सञ्चालन,

२३. पशु चिकित्सा सेवा,

२४. ब्याट्री रिचार्जिङ,

२५. स्वास्थ्य परीक्षण (एक्स-रे, सिटी स्क्यान, एम.आर.आई, अल्ट्रासाउन्डजस्ता सेवाहरू) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,

२६. निर्माण भइसकेका पूर्वाधारहरूको सञ्चालन गर्ने (जस्तैः सभा सम्मेलन भवन, खानेपानी आपूर्ति, इन्धन तथा इन्धनजन्य ग्यास आपूर्तिसम्बन्धी पाइप लाइन, गोदामघर तथा भण्डारण, विमानस्थल, बसपार्क, रङ्गशाला, स्पोर्ट्स कम्प्लेक्स, रोपवे, सडक, सिँचाइ, विद्युत् प्रसारण, विद्युत् गृह, रेलवे सेवा, कार्गो कम्प्लेक्स, इनल्यान्ड क्लियरेन्स डिपो (आई.सी.डी.) जस्ता सेवा सञ्चालन गर्ने) व्यवसायहरू,

२७. खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ गर्ने कार्य,

२८. कपडा तथा धागो रंगाइ, साइजिङ र कपडा छपाइ (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक),

२९. ढुवानी तथा कार्गो व्यवसाय वा सेवा,

३०. भन्सार एजेन्ट सेवा,

३१. प्याकेजिङ, रिफिलिङ सेवा (एल.पी.जी. ग्यास रिफिलिङ र सवारी ग्यास रिफिलिङ गर्ने स्टेसनसमेत),

३२. कुरियर सेवा,

३३. ड्राइक्लिनिङ व्यवसाय,

३४. ब्युटी पार्लर,

३५. आन्तरिक सजावट (इन्टेरियर डेकोरेसन),

३६. सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय,

३७. प्रकाशन सेवा,

३८. विज्ञापन सेवा,

३९. विज्ञापन सामग्री तयार गर्ने सेवा,

४०. आम सञ्चार सेवा,

४१. टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलिफिल्म उत्पादन तथा प्रसारण,

४२. माटो परीक्षण (स्वाइल टेस्टिङ) सेवा,

४३. पानी प्रशोधन, ढुवानी तथा वितरण सेवा,

४४. स्वास्थ्य (हेल्थ) क्लव,

४५. प्राणीशास्त्रसम्बन्धी (जुलोजिकल), भूशास्त्रसम्बन्धी (जियोलोजिकल), जीव प्रविधि (बायोटेक) सम्बन्धी बगैंचा (पार्क) सञ्चालन,

४६. व्यवसाय संवर्द्धन सेवा (बिजिनेस इन्क्युवेसन सर्भिस),

४७. व्यापारिक परिसर (ट्रेडिङ बिजिनेस कम्प्लेक्स) सञ्चालन,

४८. वैदेशिक रोजगार सेवा,

४९. सिनेमा हल (मल्टिप्लेक्ससमेत),

५०. थिएटर (मल्टिप्लेक्ससमेत),

५१. सिलाइ बुनाइ (बुटिकसमेत),

५२. विद्युत् सर्वेक्षण,

५३. खनिज अध्ययन तथा अनुसन्धान,

५४. अनुसन्धान तथा विकास सेवा,

५५. सरसफाइ सेवा,

५६. थोक तथा खुद्रा व्यवसाय सेवा,

५७. विद्युतीय व्यापार (ई-कमर्श), विद्युतीय माध्यम (अनलाइल वा सफ्टवेयर वा एप्स वा यस्तै अन्य प्रकारको माध्यम) को प्रयोग गरी सर्वसाधारणलाई सेवा उपलब्ध गराउने उद्योग व्यवसाय,

५८. मेसिनरी उपकरण भाडामा उपलब्ध गराउने (लिजिङ) सेवा,

५९. प्रशोधन वा प्रक्रिया नगण्य रूपमा हुने कट टु लेन्थ सिट, फोटो फिल्म स्लिटिङ, फोटो, पेपर स्लिटिङ, टिस्यु पेपर स्लिटिङ, बल वियरिङ एसेम्बली तथा वल्क रूपमा तयारी सामान आयात गरी रिप्याकिङ गर्ने जस्ता सेवा व्यवसायहरू,

६०. कपडा तथा यार्न डाइङ, यार्न साइजिङ र कपडामा प्रिन्टिङ गर्ने व्यवसाय (कपडा बुन्ने उद्योगले आफ्नै प्रयोजनको लागि गरेकोमा बाहेक),

६१. व्यावसायिक रूपमा गरिने पशु चिकित्सा सेवा,

६२. सर्भिस अपार्टमेन्ट,

६३. फुड कोर्ट, क्याटरिङ, घुम्ती खाद्य स्टल,

६४. उपकरण मर्मत तथा जडान, रेडी मिक्स कंक्रिट, निर्यात गृह, प्रविधि तथा आविष्कार केन्द्र, सुविधायुक्त कार्यालयस्थल प्रदान गर्ने सेवा,

६५. बैंक तथा वित्तीय सेवा।

## अनुसूची– १४

**(कार्यविधिको प्रकरण १५ (१०) सँग सम्बन्धित)**

## अनुमति लिनुपर्ने उद्योगहरू

१. हातहतियार, गोलीगठ्ठा, बारुद वा विस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग,

२. सुरक्षात्मक छपाइ (सेक्युरिटी प्रिन्टिङ), मुद्रा तथा सिक्का उत्पादन गर्ने उद्योग,

३. चुरोट, बिँडी, खैनी, सिँगार तथा सुर्तीजन्य पदार्थ मुख्य कच्चा पदार्थ हुने वस्तु एवं विद्युतीय चुरोट उत्पादन गर्ने उद्योग,

४. माइक्रोब्रुअरी, बियर, मदिरा वा मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग,

५. ढुंगा, गिट्टी, बालुवा उत्खनन, प्रशोधन गर्ने उद्योग,

६. रेडियो सञ्चारसम्बन्धी उपकरण उत्पादन गर्ने उद्योग,

७. बहुमूल्य खनिज तथा पेट्रोलियम पदार्थ उत्खननजस्ता उद्योग,

८. लिक्विफाइड पेट्रोलियम ग्यास (एल.पी.जी.) रिफिलिङ गर्ने उद्योग,

९. ड्रोन उत्पादन वा ड्रोनको माध्यमबाट सेवा प्रवाह गर्ने सबै प्रकारका उद्योग,

१०. प्रचलित कानुनबमोजिम अनुमति लिनुपर्ने अन्य उद्योग ।

## अनुसूची- १५
**(कार्यविधिको प्रकरण १५ (११) सँग सम्बन्धित)**

## राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग

१. घरेलु उद्योग,

२. ऊर्जामूलक उद्योग,

३. कृषि तथा वन पैदावारमा आधारित उद्योग,

४. पूर्वाधार उद्योग,

५. निर्यातमूलक उद्योग,

६. पूर्वाधारसहितको साहसिक पर्यटन, ग्रामीण पर्यटन, पर्यावरणीय पर्यटन, गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ, पदयात्रा पर्यटन, र्‍याफ्टिङ, सभा सम्मेलन पर्यटन, खेलकुद पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन, वन्यजन्तु आरक्ष,

७. खानी तथा खनिजजन्य उद्योग, पेट्रोलियम तथा प्राकृतिक ग्यास तथा इन्धन अन्वेषण तथा उत्पादन,

८. स्वदेशी चुनढुंगा प्रयोग गरी क्लिंकर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, लेदो रेशा (पल्प) तथा कागज, चिनी, रासायनिक मल (मिश्रणबाहेक), प्रांगारिक मल, जुत्ता चप्पल, धागो उत्पादनसम्बन्धी, पशुपालन, माछा पालन, कुखुरा पालन र मौरी पालन सम्बन्धी, पुष्प खेती (फ्लोरिकल्चर), स्वदेशी कच्चा पदार्थमा आधारित रबरको प्रारम्भिक प्रशोधन र रबरजन्य वस्तुको उत्पादन, धूलो दूध, औषधि उत्पादन, फोहोरमैला तथा खेर गएको वस्तुको प्रशोधन, इन्धन बचत गर्ने उपकरण उत्पादन गर्ने उद्योग, प्रदूषण कम गर्ने उपकरण उत्पादन गर्ने उद्योग र अपाङ्गहरूले प्रयोग गर्ने साधन तथा उपकरण उत्पादन गर्ने उद्योग, कृषियन्त्र उपकरण तथा औद्योगिक मेसिनरी बनाउने उद्योग, विद्युतबाट चल्ने सवारी साधनहरू उत्पादन गर्ने उद्योग, सर्पदंशको औषधि बनाउने उद्योग, आँखाको कृतिम लेन्स उत्पादन गर्ने उद्योग,

९. काठमाडौं उपत्यका, महागाउँपालिका क्षेत्र र तराई क्षेत्रका उप/महा/गाउँपालिका क्षेत्र बाहिर स्थापना हुने अस्पताल, नर्सिङ होम, पशु अस्पताल एवं चिकित्सालय, स्वास्थ्य परीक्षण सेवा, स्वास्थ्य प्रयोगशाला, जैविक अनुसन्धानशाला र शिक्षण एवं प्रशिक्षण संस्थाहरू,

१०. सूचना प्रविधि उद्योग,

११. निजी क्षेत्रबाट निर्माण र सञ्चालन हुने औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र उद्योग ग्राममा स्थापना भएका उद्योग,

१२. नेपाल सरकारले आवश्यक मापदण्ड बनाई उच्च मूल्य र न्यून तौल/आयतन (हाई प्राइस लो वेट/भोल्युम) भएको पहिचान गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका वस्तु उत्पादन गर्ने उद्योग,

१३. नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय एकीकृत व्यापार रणनीति (एन.टी.आई.एस.) ले निर्धारण गरेका वस्तु वा सेवाको उत्पादन गर्ने उद्योग,

१४. चलचित्र निर्माण।

## अनुसूची– १६

### उद्योग व्यवसाय दर्ता गर्दा अनुमति तथा सहमति लिनु पर्ने उद्योग व्यापार व्यवसायको विवरणः

| उद्योग व्यवसाय | अनुमति सहमति लिने निकाय | कैफियत |
|---|---|---|
| फर्निचर उद्योग, सःमिल ३६ ईन्च वैण्ड सम्म मात्र, कत्था उद्योग | डिभिजन वन कार्यालय वाट सिफारिस पत्र | गोलिया चिरान गर्न नपाईने, ट्रलि राख्न नपाईने, |
| कृषि तथा पशु फर्म | गाउँपालिकाको कृषि तथा पशु शाखाको सिफारिस पत्र | (कृषि फर्म भएमा कृषि शाखा मात्र र पशु फर्म मात्र भएमा पशु शाखाको सिफारिस मात्र) |
| जडिवुटि लोक्ता तथा अन्य वन पैदावारमा आधारित उद्योग | डिभिजन वन कार्यालय वाट सिफारिस पत्र | |
| खाद्य प्रशोधन उद्योग | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वाट सहमति र अनुज्ञापत्र लिनु पर्ने | |
| आयुर्वेदिक औषधि उद्योग | आयुर्वेद विभाग वाट सहमति लिने | सहमति दिने निकाय वाट प्राप्त शर्तहरु उल्लेख गरि अनिवार्य रुपमा पालना गर्ने गरी शर्त समेत उल्लेख गरी दर्ता गर्ने |
| अन्य औषधि उद्योग | औषधि व्यवस्था विभागको सहमति लिने | |
| खनिज उद्योग | खानि तथा भुगर्भ विभागको सहमति तथा आईइ, ईआईए प्रतिवेदन संलग्न हुनु पर्ने | |

| उद्योग व्यवसाय | अनुमति सहमति लिने निकाय | कैफियत |
|---|---|---|
| होटल तथा लज | ४ वटा लज, ९ कोठाको होटल दर्ता गर्दा सहमति लिनु नपर्ने, सो भन्दा माथि भएमा संस्कृति पर्यटन तथा नागरिक उड्यान मन्त्रालयको प्रतिक्रिया लिने | |
| निर्माण व्यवसाय सम्वधि उद्योग | घ वर्ग स्थानिय तहले दर्ता नविकरण गर्ने | |
| छापाखाना उद्योग | सुचना तथा संचार मन्त्रालय वा जिल्ला प्रशाशन कार्यालयको स्विकृति लिनु पर्ने | |
| चलचित्र तथा संचार | सुचना तथा संचार मन्त्रालयको सहमति लिनु पर्ने | |
| अस्पताल तथा नर्सिङ होम | स्वास्थ्य सेवा विभागको सहमति | |
| यातायत तथा ढुवानि सेवा | यातायात व्यवस्था विभाग वा सो अर्न्तगतका कार्यालयको सहमति लिनु पर्ने | |
| शिक्षण एवं प्रशिक्षण तथा परामर्श व्यवसाय | पाठ्यक्रम तथा प्रशिक्षकले प्राप्त गरेको तालिम तथा शैक्षिक योग्यताको प्रमाणपत्र | |
| सुरक्षा गार्ड आपुर्ति गर्ने सेवा | जिल्ला प्रशाशन कार्यालयको सहमति लिनु पर्ने | |

| उद्योग व्यवसाय | अनुमति सहमति लिने निकाय | कैफियत |
|---|---|---|
| ग्रिल तथा वर्कशप | ७ दिने सार्वजनिक सुचना पत्रिकामा प्रकाशन गर्नु पर्ने | |
| मनि चेन्जर (विनिमय कारोवार) | नेपाल राष्ट्र बैंकको अनुमति पत्र | |
| औषधि व्यवसाय | औषधि व्यवस्था विभागको सिफारिस पत्र | |
| विषादि जन्य व्यवसाय दर्ताको लागि | कृषि विकास मन्त्रालयको विषादि समतिको ईजाजत पत्र, कृषि ज्ञान केन्द्रको अनुमति पत्र | |
| मासु पसल | गाउँपालिकाको पशु शाखाको सिफारिस | |
| सवै किशिमका उद्योग, व्यवसाय | वडा कार्यलयको सिफारिस | उद्योगको हकमा मुजुल्का समेत |

**द्रष्टव्य** :अनुमति तथा सहमति लिनु पर्ने भनि संघिय तथा प्रादेशिक ऐनमा तोकिएका सवै किशिमका उद्योग व्यापार व्यवसायको तोकिएको कार्यालयको अनुमति तथा सहमति लिनु पर्ने छ।

**प्रमाणीकरण मिति: २०७८।०३।०६**

**आज्ञाले,**
**नेत्रराज गिरी**
**प्रमुख प्रशासकीय अधिकृत**